मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : ११० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन २५ गते सोमबार (Monday, 9 March. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## लागूऔषधसहित आठ जना पक्राउ

**काठमाडौँ, फागुन २४।** देशका विभिन्न भागमा रहेका प्रहरी कार्यालयबाट गस्तीमा रहेको प्रहरी टोलीले कानूनले बर्जित गरेका चिकित्सकीय औषधि र लागूपदार्थसहित आठ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार मोरङ, पथरी शनिश्चरे नगरपालिका-८ मंगलबारे, दाङको घोराही उपमहानगरपालिका-१४स्थित न्यूमनकामना गेष्ट हाउस, कैलालीको धनगढी उपमहानगरपालिका-३ चटकपुर र कञ्चनपुरको कृष्णपुर

(बाँकी अन्तिम पृष्ठमा)

## मोरङमा पनि रास्वपाको 'क्लीन स्वीप'

योगेन्द्र योगी



**मोरङ, फागुन २४।** मोरङ जिल्लाका सबै ६ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले ऐतिहासिक जित हात पार्दै ह्याट्रिक गरेको छ । यसपटकको निर्वाचनमा रास्वपाले मोरङका सबै क्षेत्रमा प्रतिस्पर्धी दलहरूलाई फराकिलो मतान्तरले पराजित गर्दै जिल्लाभर बलियो उपस्थिति स्थापित गरेको हो ।

मोरङ क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्यमा रास्वपाका उम्मेदवार यज्ञमणि न्यौपाने बिजयी भएका छन् । उनले श्रम संस्कृति पार्टी (माटो)की उम्मेदवार शान्ति पाखिन लामालाई ९ हजार ८ सय ४५ मतान्तरले पराजित गर्दै विजय हासिल गरेका हुन् ।

अन्तिम मतपरिणाम अनुसार न्यौपानेले २७ हजार ३ सय ६७ मत प्राप्त गर्दा निकटतम् प्रतिद्वन्द्वी पाखिनले १७ हजार ५ सय २२ मत ल्याइन् । यसैगरी नेपाली कांग्रेसका खडगबहादुर फागोले ११ हजार ९ सय ८६ मत प्राप्त गर्दै तेस्रो स्थानमा रहे भने नेकपा (एमाले)का घनश्याम खतिवडा ९ हजार ८ सय २३ मत ल्याउँदै चौथो स्थानमा सीमित भए ।

मोरङ क्षेत्र नम्बर २मा पनि रास्वपाका उम्मेदवार कृष्णकुमार कार्की फराकिलो मतान्तरले विजयी भएका छन् । उनले एमालेका उम्मेदवार दिलीपकुमार अग्रवाललाई पराजित गरेका हुन् । कार्कीले ४० हजार ९२४ मत प्राप्त गर्दा अग्रवालले १५ हजार ६२४ मत मात्र पाए । कांग्रेसका मिनेन्द्र रिजालले १२ हजार ७६४ मत ल्याए भने श्रम संस्कृति पार्टीका अबोह रैरहले १ हजार ८२२ र नेकपाका चन्द्रवीर राईले १ हजार ३६६ मत प्राप्त गरे ।

त्यस्तै मोरङ क्षेत्र नम्बर ३मा रास्वपाका गणेश कार्की निर्वाचित भएका छन् । उनले नेपाली कांग्रेसका सुनिलकुमार शर्मालाई १२ हजारभन्दा बढी मतान्तरले पराजित गरेका हुन् । कार्कीले ३६ हजार ९ सय २४ मत प्राप्त गर्दा शर्माले २४ हजार ३ सय ५४ मत पाए । यसैगरी श्रम संस्कृति पार्टीका अमिर मगरले १६ हजार ५ सय ९ मत, नेकपा (एमाले) का इरनकुमार राईले ७ हजार ७ सय ५२ मत र नेकपाका डा. देउमान सम्बाहाङफेले १ हजार २ सय ५९ मत प्राप्त गरे ।

मोरङ क्षेत्र नम्बर ४मा रास्वपाका उम्मेदवार सन्तोष राजवंशी विजयी भएका छन् । उनी ४० हजार ८ सय ३३ मत प्राप्त गर्दै प्रतिनिधिसभा सदस्यमा निर्वाचित भए । उनका निकटतम् प्रतिस्पर्धी नेपाली कांग्रेसका महामन्त्री गुरूराज घिमिरेले १२ हजार ८१८ मत पाए भने नेकपाका अमनलाल मोदीले १० हजार ७६२ मत प्राप्त गरे ।

यसैगरी मोरङ क्षेत्र नम्बर ५मा रास्वपाकी उम्मेदवार आशा झा फराकिलो मतान्तरले विजयी भएकी छिन् । उनले नेपाली कांग्रेसका फुलकुमार लालवानीलाई २० हजारभन्दा बढी मतान्तरले

(बाँकी अन्तिम पृष्ठमा)

### जाँचबुझ आयोगको प्रतिवेदन प्रधानमन्त्रीलाई

# तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री लेखकसहितलाई 'फौजदारी मुद्दा'

**काठमाडौँ, फागुन २४।** जेन-जी प्रदर्शनबारे जाँचबुझ गर्न गठित आयोगले करिब पाँच महिनाको छानबिनपछि आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको छ । पूर्व न्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले आइतबार प्रधानमन्त्री सुशीला कार्कीलाई प्रतिवेदन बुझाएको हो ।

आयोगमा पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक विज्ञानराज शर्मा र कानून व्यवसायी विश्वेश्वर भण्डारी सदस्य थिए । प्रतिवेदन बुझाएपछि आयोगका सदस्य विज्ञानराज शर्माले घटनामा गल्ती गर्नेहरूमाथि कारबाहीको सिफारिस गरिएको बताए । सिंहदरबारमा पत्रकारहरूसँग कुरा गर्दै उनले गल्ती गर्ने व्यक्तिलाई कारबाही हुनुपर्ने निष्कर्षसहित प्रतिवेदन तयार गरिएको जानकारी दिए । उनका अनुसार प्रतिवेदन ९ सयभन्दा बढी पृष्ठको छ र त्यसमा विभिन्न अनुसूचीहरू पनि समावेश छन् ।

आयोगले भदौ २३ र २४ गते भएको जेन-जी प्रदर्शनका घटनाबारे विस्तृत छानबिन गरेको थियो । आयोगले दुवै दिन भएका घटनाबारे छुट्टाछुट्टै राय तथा सुझाव सरकारलाई दिएको छ । जेन-जी आन्दोलनको पहिलो दिन काठमाडौँको नयाँ बानेश्वरमा प्रहरीको गोली लागेर घटनास्थलमै र अस्पतालमा उपचारका क्रममा २१ जनाको मृत्यु भएको थियो । सो घटनामा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र काठमाडौँ जिल्ला सुरक्षा समितिका तत्कालीन अध्यक्षलाई जिम्मेवार ठहर गर्दै फौजदारी कानून अनुसार कारबाही अघि बढाउन आयोगले सरकारलाई सिफारिस गरेको छ ।



आयोगका एक पदाधिकारीका अनुसार केन्द्रीय तहमा तत्कालीन प्रधानमन्त्री ओली र जिल्ला तहमा सुरक्षा समितिका अध्यक्षलाई जिम्मेवार ठहर गर्दै कारबाही गर्नुपर्ने निष्कर्ष आयोगले निकालेको हो । आयोगको सिफारिसअनुसार सरकार अघि बढेमा तत्कालीन प्रधानमन्त्री ओली र काठमाडौँका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजालबिरुद्ध फौजदारी मुद्दा चल्न सक्ने देखिएको छ । प्रदर्शनका क्रममा गोली चलाउने आदेश दिएको भन्दै प्रमुख जिल्ला अधिकारी रिजालको भूमिका त्यसबेला व्यापक आलोचनामा परेको थियो ।

घटनाका बेला गृहमन्त्रालयको नेतृत्व रमेश लेखकले गरेका थिए भने गृहसचिव गोकर्णमणि दुवाडी र प्रहरी महानिरीक्षक चन्द्रकुवेर खापुङ थिए । संसद् भवनतर्फ प्रदर्शनकारी पुगेपछि प्रहरी महानिरीक्षक खापुङले प्रहरीको सञ्चार सेट 'वाकीटकी'मार्फत गोली प्रहार गर्न निर्देशन दिएको भन्दै फिल्डमा खटिएका अधिकृतहरूले बयान दिएका आयोग स्रोतले जनाएको छ । आयोग स्रोतका अनुसार तत्कालीन गृहमन्त्री रमेश लेखकलाई पनि कानूनी दायरामा ल्याउनुपर्ने सिफारिस

(बाँकी अन्तिम पृष्ठमा)

# झापाका ७८ जना उम्मेदवारको जमानत जफत



सरिता प्रसाईं | राजेन्द्र घिमिरे | धर्मशिला चापागाँई | रञ्जित तामाङ | मन्धरा चिमरिया | भक्तिप्रसाद सिटौला | भद्रप्रसाद नेपाल | रामचन्द्र उप्रेती | हरिबहादुर राजवंशी | डा. युवराज संग्रौला

**झापा, फागुन २४।** प्रतिनिधिसभा सदस्य निर्वाचनमा झापाका अधिकांश उम्मेदवारले आवश्यक मत प्राप्त गर्न नसक्दा ७८ जनाको जमानत जफत भएको छ ।

जिल्ला निर्वाचन कार्यालय झापाका अनुसार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, देवराज घिमिरे, लालप्रसाद साँवा लिम्बू, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, नेपाली कांग्रेसका केशवराज पाण्डे, देउकुमार थेवे र श्रम संस्कृति पार्टीका केवलराम राईसहित सात जनाले मात्रै जमानत जोगाएका छन् । बाँकी उम्मेदवारले कूल सदर मतको १०प्रतिशत मत समेत मत प्राप्त गर्न नसक्दा जमानत जफत भएको हो ।

**क्षेत्र नम्बर १मा १२ जनाको जमानत जफत**

झापा क्षेत्र नम्बर १मा प्रतिनिधिसभा सदस्यका लागि १५ जनाले उम्मेदवारी दिएका थिए । त्यसमध्ये राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार निशा डाँगी सर्वाधिक मतसहित बिजयी हुँदा १२ जनाले १० प्रतिशत मत समेत ल्याउन सकेनन् ।

मंगोल नेशनल अर्गनाइजेशनका सन्तोष तामाङले ९७१ मत (१.२४ प्रतिशत), राष्ट्रिय प्रजातन्त्र पार्टीका हेमराज कार्कीले १ हजार ६१२ मत (२.०५ प्रतिशत) प्राप्त गरेका छन् । स्वतन्त्र उम्मेदवार दुर्गाप्रसाद साँवा लिम्बूले ८४ मत (०.१० प्रतिशत) मात्र पाएका छन् ।

नेकपा एमालेका रामचन्द्र उप्रेतीले ७ हजार ६५९ मत (९.७८ प्रतिशत) ल्याए पनि १० प्रतिशत मत नपुग्दा उनको जमानत जफत भएको छ । नेपाल मजदुर किसान पार्टीका हिरण्यप्रसाद भट्टराईले २३ मत (०.०२ प्रतिशत), स्वतन्त्र उम्मेदवार गणेशकुमार खरेलले ३३ मत (०.०४ प्रतिशत), नेपाल जनमुक्ति पार्टीका खादु करुवाले १७ मत (०.०२ प्रतिशत) प्राप्त गरेका छन् ।

त्यस्तै नेपाली कम्युनिष्ट पार्टीका अशेष घिमिरेले ९२२ मत (१.१७ प्रतिशत), उज्यालो नेपाल पार्टीका नरेशकुमार लावतीले ४८५ मत (०.६१ प्रतिशत), संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका मानवबहादुर साँवा लिम्बूले ९९ मत (०.१२ प्रतिशत), जनता समाजवादी पार्टी नेपालकी रमा मेचेले ४३ मत (०.०५ प्रतिशत) र नेपाल सद्भावना पार्टीका ओलेन राजवंशीले १०९ मत (०.१३ प्रतिशत) ल्याएपछि उनीहरूको जमानत जफत भएको हो ।

**क्षेत्र नम्बर २मा १६ जनाको जमानत जफत**

झापा क्षेत्र नम्बर २मा अघिल्लो निर्वाचनका उपबिजेता भद्रप्रसाद नेपालको समेत जमानत जफत भएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार नेपालले ३ हजार ९६६ मत (४.३४ प्रतिशत) मात्रै प्राप्त गरे ।

यस क्षेत्रमा नेपाल मजदुर किसान पार्टीकी चन्द्रकुमारी थारुले २० मत (०.०२ प्रतिशत), मंगोल नेशनल

(बाँकी अन्तिम पृष्ठमा)

### श्रम संस्कृति पार्टी

## तीन सिट जितेर पाँचौं स्थानमा



**काठमाडौं, फागुन २४।** हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले तीन वटा निर्वाचन क्षेत्रमा विजय हासिल गरेको छ ।

यो पार्टीबाट सुनसरी-१मा पार्टी अध्यक्ष हर्कराज राई बिजयी भएका छन् । उनले ३४ हजार ७४१ मत ल्याउँदा राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार गोमा तामाङले २७,२४९ मत ल्याइन् ।

तामाङ २०७९को निर्वाचनमा नेकपा नेता अशोक राईसँग

(बाँकी अन्तिम पृष्ठमा)






# नारी दिवसमा नेतृत्व तथा व्यक्तित्व विकास तालिम

**झापा, फागुन २४।** ११६औँ अन्तर्राष्ट्रिय नारी दिवसका अवसर पारेर महिलाको नेतृत्व क्षमता र व्यक्तित्व विकास अभिवृद्धि गर्ने उद्देश्यसहित बिर्तामोडमा नेतृत्व तथा व्यक्तित्व विकाससम्बन्धी तालिम सम्पन्न भएको छ।



'भावी नेतृत्व र व्यक्तित्व विकास' विषयक उक्त तालिम वीरता जेसीजको आयोजनामा सम्पन्न भएको हो। कार्यक्रम वीरता जेसीजका अध्यक्ष लोकचन्द्र श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो।

कार्यक्रममा बिर्तामोड नगर प्रमुख पवित्रा महतारा प्रसाईं प्रमुख अतिथिका रूपमा सहभागी थिइन्। कार्यक्रममा प्रमुख प्रशिक्षकका रूपमा वीरता लेडी जेसीजकी पूर्वअध्यक्ष, नेपाल जेसीजकी पूर्व राष्ट्रिय उपाध्यक्ष, नारी सञ्चार गृह झापाकी अध्यक्ष तथा सञ्चारकर्मी स्वस्तिका आचार्यले सहजीकरण गरेकी थिइन्।

तालिमका क्रममा आचार्यले प्रभावकारी नेतृत्व विकास, व्यक्तित्व निर्माण, आत्मविश्वास अभिवृद्धि, सकारात्मक सोच तथा प्रभावकारी सञ्चार सिपका विषयमा प्रशिक्षण दिएकी थिइन्। उनले महिलाले आफ्नो क्षमता र सम्भावनालाई पहिचान गर्दै समाजका विभिन्न क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याइन्।

कार्यक्रममा नेवाः मिसाः पुच, माडवारी महिला मञ्च, नेवासः मिसा दबु, महिला उद्यमी समूह तथा छठ महिला मञ्चका गरी २५ भन्दा बढी महिलाको सहभागिता रहेको थियो। सहभागीहरूले तालिमबाट नेतृत्व विकास र आत्मविश्वास बढाउन सहयोग पुगेको प्रतिक्रिया दिएका थिए।

कार्यक्रममा नेपाल जेसीजका पूर्वराष्ट्रिय उपाध्यक्ष सिनेटर घनश्याम चौधरी, बिर्तामोड उद्योग वाणिज्य संघका उपाध्यक्ष तथा नेपाल जेसीजका पूर्वराष्ट्रिय उपाध्यक्ष सिनेटर विशाल थापा, नेको इन्स्योरेन्स बिर्तामोड शाखा प्रबन्धक सुमन पोद्दार तथा झापा गोल्डकपका सदस्य सुशील थापालगायतको आतिथ्य रहेको थियो। अध्यक्ष श्रेष्ठले यस्ता तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रमले महिलालाई सशक्त बनाउँदै समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे।

कार्यक्रमका संयोजक जुनियर लुना ओलीले स्वागत मन्तव्य राखेको कार्यक्रममा आस्था वाचन कोषाध्यक्ष अमरजित साहले गरेका थिए। कार्यक्रमको सञ्चालन सुबास तिखत्रीले गरेका थिए।

# यी हुन् पराजित शीर्ष नेताहरु

**काठमाडौँ, फागुन २४।** प्रतिनिधिसभा सदस्यको यही फागुन २१ गते सम्पन्न निर्वाचनको परिणाम आउने क्रम अन्तिम चरणमा छ।

यस निर्वाचनमा प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० सिटका लागि मतदान भएको थियो। गत भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनपश्चात् गठित सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले तत्कालीन प्रतिनिधिसभा विघटन गरेसँगै यो निर्वाचन गरिएको हो।

यस निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को पक्षमा मुलुकभर जनलहर देखिएको छ। रास्वपा काठमाडौँ महानगरपालिकाका तत्कालीन प्रमुख बालेन्द्र शाह (बालेन)लाई पार्टीको वरिष्ठ नेता र प्रधानमन्त्रीको उम्मेदवार बनाई निर्वाचनमा होमिएको थियो।

त्यस्तै, संसदीय अभ्यासमा अनुभवी नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतका दल र अधिकांश शीर्ष नेता भने यस निर्वाचनमा पराजित भएका छन्।

निर्वाचन आयोगको पछिल्लो गणना अनुसार रास्वपाको पक्षमा प्रत्यक्ष र समानुपातिकमा झण्डै दुई तिहाइ मत प्रकट हुने देखिन्छ। यो समाचार तयार पार्दासम्म प्रत्यक्षतर्फका १६५ निर्वाचन क्षेत्रमध्ये रास्वपाले ११९ क्षेत्रमा जित हासिल गरिसकेको छ। त्यस्तै, समानुपातिकतर्फ रास्वपाले २२ लाखभन्दा बढी मत प्राप्त गरेको छ। यसैगरी, हालसम्म प्रत्यक्षतर्फ कांग्रेसले १७, एमालेले सात, नेकपाले सात र श्रम संस्कृति पार्टीले तीन र राप्रपाले एक स्थानमा जित हासिल गरेका छन्।

**शीर्ष नेताहरू को-को पराजित भए !**

लामो संसदीय अभ्यास रहेको र अघिल्लो प्रतिनिधिसभा सदस्यमा सबैभन्दा ठूलो दल कांग्रेस यस निर्वाचनमा निकै पछि परेको छ। कांग्रेसका सभापति गगनकुमार थापा, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरे, सहमहमन्त्रीहरू फरमुल्लाह मन्सुर, उदयशम्शेर राणा, प्रकाश रसाइली स्नेही पराजित भएका छन्।

त्यस्तै, वरिष्ठ नेताहरू डा. शेखर कोइराला, विमलेन्द्र निधि, बिजयकुमार गच्छदार, एनपी साउद, महालक्ष्मी उपाध्याय 'डिना' लगायतका नेताहरू पनि पराजित भएका छन्।

त्यसैगरी, एमालेका अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्षहरू गोकर्ण विष्ट, पृथ्वीसुब्बा गुरुङ, विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेल, उपमहासचिवहरू रघुवीर महासेठ, लेखराज भट्ट, सचिवहरू भानुभक्त ढकाल, शेरधन राई, महेश बस्नेत र डा. राजन भट्टराई पराजित भएका छन्।

त्यस्तै, वरिष्ठ नेताहरू ईश्वर पोखरेल, देवराज घिमिरे, प्रदीपकुमार ज्ञवालीलगायत पनि पराजित भएका छन्। नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल विजयी भए भने उनको दलका सह-संयोजक माधवकुमार नेपाल, वरिष्ठ नेताहरू नारायणकाजी श्रेष्ठ, भीम रावल, महिन्द्रराय यादव, राजेन्द्रप्रसाद पाण्डे, शक्ति बस्नेतलगायत पनि पराजित भएका छन्।

त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, वरिष्ठ नेता कमल थापालगायत पराजित भएका छन्। वि.सं. २०४८देखि निरन्तर आफ्नो वर्चस्व कायम गर्दै आएको पार्टी नेपाल मजदुर किसान पार्टी पनि यस निर्वाचनमा संसदीय यात्राबाट बाहिरिएको छ। सो पार्टीका नेता प्रेम सुवाललगायत कुनै पनि उम्मेदवारले निर्वाचनमा सफलता हासिल गर्न सकेनन्।

वि.सं. २०६४को मधेश आन्दोलनपछि उदाएका मधेशवादी दल र तिनका शीर्ष नेताहरू पनि यस निर्वाचनमा पराजित भएका छन्। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, जनमत पार्टीका अध्यक्ष सीके राउत, आम जनता पार्टीका अध्यक्ष प्रभु साहलगायतका शीर्ष नेताहरू पनि यस निर्वाचनमा पराजित भएका छन्।

# टिकटकमा भाइरल 'धागोले बाटेको' गीत

पछिल्लो समय गीतको लोकप्रियता मापन गर्ने माध्यम नै टिकटक बनेको छ। टिकटकमा गीत भाइरल भएपछि त्यसलाई सफल भएको मान्ने गरिन्छ। यही क्रममा फिल्म 'राम नाम सत्य'को गीत 'धागोले बाटेको' यतिबेला टिकटकमा भाइरल भइरहेको छ। दुई साताको अवधिमा यो गीतमा झन्डै तीन लाख टिकटक भिडियो बनेका छन् भने युट्युबमा पनि यसको भ्यूज उल्लेख्य देखिएको छ।

युट्युबमा २१ लाखभन्दा बढीले गीत हेरिसकेका छन्। गीतलाई प्रतिक्रिया पनि निकै उत्साहजनक मिलेको छ। कतिले चुनावको गतिविधिले दिकदार भएको अवस्थामा यो गीतले दिमागलाई शीतल बनाएको बताएका छन् भने कतिले संगीत र दृश्यको प्रस्तुतिकरणको खुलेर प्रशंसा गरेका छन्। गीतकै कारण हलमा फिल्म हेर्न आतुर रहेको प्रतिक्रिया पनि धेरै देख्न सकिन्छ।



दर्शकहरूले गीत मन पराएपछि निर्देशक माइकल चन्द उत्साहित देखिएका छन्। उनले भने, 'निर्वाचनको छेकोमा हामीले गीत सार्वजनिक गर्दा धेरैले गलत समयमा गरियो भनेका थिए। तर, गीत सफल हुनेमा हामी विश्वस्त थियौं। आज धेरै दर्शकको मुखमा गीत झुन्डिएको छ। लाखौंको संख्यामा टिकटक बनेका छन्। यसले हामीलाई उत्साहित बनाएको छ।'

रोमान्टिक शैलीको यो गीतमा धन बहादुर गिरी (बाबुल) र रचना रिमालको स्वर, डा. डीआर उपाध्यायको शब्द तथा गायक गिरी स्वयंको संगीत रहेको छ। सियोन श्रेष्ठको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी विराज भट्ट र सुपुष्पा भट्टलाई देख्न सकिन्छ। दर्शकहरूले उनीहरूको केमेस्ट्री निकै रुचाएका छन्।

आगामी चैत २७ गतेबाट प्रदर्शन हुने यस फिल्ममा विराज र सुपुष्पासहित सुशील श्रेष्ठ, दिव्या रायमाझी, आयुष सिंह ठकुरी, स्व. सुनिल थापा, प्रशान्त ताम्राकार, कनिज कोइराला, दिनेश डीसी लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ। फिल्ममा उपेन्द्र शाही र स्वेता विमली निर्मातामा छन् भने कार्यकारी निर्माताहरू किशोर भट्ट, राजेन्द्र भट्ट र अर्जुन सुनार हुन्।

# फिल्म 'टिका' बन्ने




अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारी फिल्म 'टिका' निर्माण घोषणा गरिएको छ।

नारी प्रधानम कथामा बन्ने यस फिल्मा दुई नायिका ऋचा शर्मा र वर्षा सिवाकोटी शीर्ष भूमिकामा छन्। नायकको भूमिकामा महेश त्रिपाठी छन्। कलाकार निर्मल शर्मा र बालकालार आयुशी ढकाल पनि शीर्ष भूमिकामा रहेकी छन्। निर्माण पक्षका अनुसार नेपाली समाजमा महिलाले भोग्ने संघर्ष, उनीहरूको आत्मसम्मान, अस्तित्व र आत्मनिर्भरताको कथामा यो फिल्म बन्न लागेको हो।

भविष्य खड्का फिल्मस् प्रालिको प्रस्तुति तथा थर्ड आई आर्ट्स प्रालिको सहकार्यमा यो फिल्म बन्न लागेको हो। भविष्य खड्का 'जेरी अन टप'की निमात्री हुन्। यसको निर्देशक शंखर कार्की हुन्। चन्दन झा र निर्देशक कार्कीको कथा रहेको यस फिल्मको पटकथा रामकुमार श्रेष्ठले लेखेका छन्।

## झापाका ...

अर्गनाइजेशनका अक्कलबहादुर तामाङले १४८ मत (०.१६ प्रतिशत) प्राप्त गरे। श्रम संस्कृति पार्टीका केशवकुमार भण्डारीले ७ हजार २९१ मत (७.९८ प्रतिशत) पाए पनि जमानत जोगाउन सकेनन्।

स्वतन्त्र उम्मेदवार डा. युवराज संग्रौलाले ३०५ मत (०.३३ प्रतिशत), नेपाली कम्युनिष्ट पार्टीकी धर्मशीला चापागाँईले १ हजार ११५ मत (१.२२ प्रतिशत), संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चकी अमृता लावतीले ६० मत (०.०६ प्रतिशत), स्वतन्त्र उम्मेदवार पुण्यप्रसाद आचार्यले ५६ मत (०.०६ प्रतिशत) पाए।

नेपाली कांग्रेसकी उम्मेदवार सरिता प्रसाईले ५ हजार ६१६ मत (६.१४ प्रतिशत) प्राप्त गरे पनि १० प्रतिशत मत नपुग्दा जमानत जफत भएको छ। प्रसाई र चापागाँईं पूर्वराज्यमन्त्री हुन्।

यसैगरी जनता समाजवादी पार्टीका तिलबहादुर राईले ९९ मत (०.१० प्रतिशत), नेकपा संयुक्तका श्रीप्रसाद सिटौला ६४ मत (०.०७ प्रतिशत), उज्यालो नेपाल पार्टीका चूणाकर्ण वेघा ५६० मत (०.६१ प्रतिशत), नेकपा माओवादीका अर्जुनकुमार पाण्डे ९८ मत (०.१० प्रतिशत), स्वतन्त्र उम्मेदवार रमेशकुमार कार्की ६ मत, जनमत पार्टीका रमेशकुमार राजवंशी ३८० मत (०.४१ प्रतिशत) र नेपाल जनमुक्ति पार्टीका मानबहादुर पुलामी मगरले ६१ मत ( ०.०६ प्रतिशत) पाएपछि उनीहरूको जमानत जफत भएको हो। यस क्षेत्रमा नेकपा एमालेका उम्मेदवार तथा पूर्वसभामुख देवराज घिमिरेले मात्रै जमानत जोगाएका छन्।

**क्षेत्र नम्बर ३ मा १५ जनाको जमानत जफत**

झापा क्षेत्र नम्बर ३मा संविधानसभा सदस्य तथा नेकपा एमालेका उम्मेदवार हरिबहादुर राजवंशीले ७ हजार ४९२ मत (९.०८ प्रतिशत) प्राप्त गरे पनि जमानत जोगाउन सकेनन्। नेपाली कांग्रेसका राजेन्द्रकुमार घिमिरेले ८ हजार १९९ मत (९.९३ प्रतिशत) पाए पनि १० प्रतिशत नपुग्दा जमानत जफत भएको छ।

नेपाल मजदुर किसान पार्टीकी धर्मलक्ष्मी दुवालले १० मत (०.०१ प्रतिशत), मंगोल नेशनल अर्गनाइजेशनका यामकुमार श्रेष्ठले ३८० मत (०.४६ प्रतिशत), श्रम संस्कृति पार्टीका दीपक तिम्सिनाले ७ हजार ३३९ मत (८.८९ प्रतिशत) प्राप्त गरे।

त्यस्तै जनमत पार्टीका हर्षलाल राजवंशीले ३५४ मत (०.४२ प्रतिशत), जनता समाजवादी पार्टीकी विनिता राजवंशीले १२६ मत (०.१५ प्रतिशत) र नेपाली कम्युनिष्ट पार्टीका डिल्लीराम घिमिरेले १ हजार ४५० मत (१.७५ प्रतिशत) पाएपछि उनीहरूको पनि जमानत जफत भएको छ। यस क्षेत्रमा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनबाहेक अन्य उम्मेदवारले जमानत जोगाउन सकेनन्।

**क्षेत्र नम्बर ४मा १३ जनाको जमानत जफत**

झापा क्षेत्र नम्बर ४मा १३ जनाको जमानत जफत भएको छ। यहाँ नेकपा एमालेका उम्मेदवार लालबहादुर साँवा लिम्बू र देउकुमार थेवेले जमानत जोगाउन सफल भएका छन्।

राप्रपाका पूर्वकोशी प्रदेशमन्त्री भक्तिप्रसाद सिटौलाले २ हजार ८० मत (२.६९ प्रतिशत) मात्रै प्राप्त गरे। उज्यालो नेपाल पार्टीका सन्तोष तामाङले ४३२ मत (०.५६ प्रतिशत), जनता समाजवादी पार्टी नेपालका पलटन ताजपुरियाले ५४ मत (०.०७ प्रतिशत) प्राप्त गरेका छन्।

संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका किरण लिम्बू लिङ्देनले १४१ मत (०.१८ प्रतिशत), नेकपा माओवादीका ताराबहादुर थापाले १२५ मत (०.१६ प्रतिशत), राष्ट्रिय मुक्ति पार्टी नेपालका त्रिनारायण राजवंशीले ९८ मत (०.१२ प्रतिशत) पाए। श्रम संस्कृति पार्टीकी अमृतादेवी राईले ७ हजार १६१ मत (९.२९ प्रतिशत) प्राप्त गरे पनि १० प्रतिशत मत नपुग्दा उनको पनि जमानत जफत भएको छ।

**क्षेत्र नम्बर ५मा पनि धेरै उम्मेदवारको जमानत जफत**

झापा क्षेत्र नम्बर ५मा पनि अधिकांश उम्मेदवारले १० प्रतिशत मत प्राप्त गर्न सकेनन्। पिपुल फस्ट पार्टीका धर्मराज गुरागाँईले ३४ मत (०.०३ प्रतिशत), राप्रपाका लक्ष्मीप्रसाद संग्रौलाले १ हजार ५३६ मत (१.५० प्रतिशत), मंगोल नेशनल अर्गनाइजेशनका सानबहादुर मेचेले १६६ मत (०.१६ प्रतिशत) प्राप्त गरे।

नेपाली कांग्रेसकी उम्मेदवार मन्धरा चियरियाले १ हजार ८२१ मत (१.७७ प्रतिशत), नेपाली कम्युनिष्ट पार्टीका रञ्जित तामाङले १ हजार ४६१ मत ( १.४२ प्रतिशत) पाएपछि उनीहरूको जमानत जफत भएको छ।

यसैगरी जनमत पार्टीका अमृतलाल महतोले २९६ मत (०.२८ प्रतिशत), राष्ट्रिय मुक्ति पार्टी नेपालका अमृत रसाइलीले ३५ मत (०.०३ प्रतिशत), स्वतन्त्र उम्मेदवार शोभा भण्डारीले ८२ मत (०.०८ प्रतिशत) र नेकपा माओवादीका सञ्जय राईले ७६ मत ( ०.०७ प्रतिशत) प्राप्त गरेका छन्।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसार पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत कुनै निर्वाचन क्षेत्रमा खसेको कूल सदर मतको १० प्रतिशतभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारको धरौटी जफत हुने व्यवस्था रहेको छ।

## तत्कालीन ...

प्रतिवेदनमा समावेश गरिएको छ। फौजदारी कानून अनुसार मुद्दा अघि बढेमा जिम्मेवार अधिकारीहरूमाथि मुलुकी अपराधसंहिता-२०७४ अनुसार कारबाही प्रक्रिया अघि बढ्न सक्ने उल्लेख गरिएको छ।

आयोगले भदौ २४ गते भएको आगजनी, लुटपाट र तोडफोडका घटनामा संलग्न व्यक्तिहरूलाई सम्बन्धित कसुरमा अभियोजन गर्न पनि सरकारलाई सिफारिस गरेको छ। जेन-जी आन्दोलनका प्रतिनिधि र सरकारबीच मंसीर २४ गते भएको १० बुँदे सम्झौता अनुसार सो घटनामा संलग्न व्यक्तिहरूबारे उजुरी लिएर उच्चस्तरीय जाँचबुझ आयोगले स्क्रिनिङ गर्ने सहमति भएको थियो। आयोगले स्क्रिनिङ तथा छानबिनपछि लुटपाट, तोडफोड र हिंसात्मक गतिविधिमा संलग्नहरूलाई अभियोजन गर्न सुझाव दिएको हो।

आयोगले ज्यान मार्ने तथा संगठित अपराध सम्बन्धी घटनामा संलग्नहरूलाई फौजदारी मुद्दामा अभियोजन गर्नुपर्ने राय पनि दिएको छ। जेन-जी प्रदर्शनको क्रममा कूल ७६ जनाको मृत्यु भएको आयोगले उल्लेख गरेको छ। प्रदर्शनकारीतर्फ बुद्धिबहादुर तामाङ, सन्तोष बिक, शुलभराज श्रेष्ठ, श्रीयम चौलागाँईं, ईस्वत अधिकारी, आयुष थापा मगर, शौरभ जोशी, योगबहादुर श्रेष्ठ, माधव सारुमगर, बिमलबाबु भट्ट, असहाव आलम ठकुराई, शौरनकिशोर श्रेष्ठ, सुवासकुमार बोहरा, रसिक खतिवडा, बिनोद महर्जन, दिलनारायण तामाङ, योगेन्द्र न्यौपाने, छत्रमान कुथुमी, ओझन बुढा, अविषेक श्रेष्ठ र मोहन सरदार 'चङ्के' को मृत्यु भएको प्रतिवेदनमा उल्लेख छ। त्यस्तै कैदीबन्दी तथा बालबन्दीतर्फ थप १० जनाको मृत्यु भएको पनि आयोगले जनाएको छ।

## मोरङमा ...

पराजित गरिन्। अन्तिम मतपरिणाम अनुसार झाले ३० हजार ४३४ मत प्राप्त गरिन् भने लालवानीले ९ हजार ४१५ मत पाए। यसैगरी जसपाका राजकुमार यादवले ८ हजार ७४७ मत, नेकपाका शिवकुमार मण्डलले ८ हजार ७१४ मत र एमालेका मनोज अग्रवालले ६ हजार १४५ मत प्राप्त गरेका छन्।

त्यस्तै मोरङ क्षेत्र नम्बर ६ मा रास्वपाकी उम्मेदवार रुबिना आचार्य अत्यधिक मतसहित विजयी भएकी छिन्। उनले ५५ हजार ५ सय १३ मत प्राप्त गर्दै आफ्ना निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका डा. शेखर कोइरालालाई ठूलो मतान्तरले पराजित गरिन्। कोइरालाले १२ हजार ८५० मत प्राप्त गर्दा एमालेका उम्मेदवार बिनोद ढकालले ८ हजार ३१७ मत प्राप्त गरेका छन्।

यसरी मोरङका सबै ६वटै निर्वाचन क्षेत्रमा बिजय हासिल गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीले जिल्लामा अभूतपूर्व सफलता हात पारेको छ। मतदाताहरूले पुराना दलहरूप्रति असन्तुष्टि जनाउँदै वैकल्पिक शक्तिको रूपमा रास्वपालाई व्यापक समर्थन दिएको राजनीतिक विश्लेषकहरू बताउँछन्।

## तीन सिट ...

४४६ मतले पराजित भएकी थिइन्। यस्तै २०७९को निर्वाचनमा माओवादी केन्द्रका नेता सुदन किरातीले जितेको क्षेत्र भोजपुरबाट पनि धुर्वराज राईले संघ संस्कृति पार्टीबाट विजयी भएका छन्।

उनले नेकपा एमालेका सचिव शेरधन राईलाई पराजित गरेका हुन्। ध्रुवले १६,६६३ मत ल्याउँदा शेरधनले १४,७५० मत ल्याए। यस्तै कोशी प्रदेशबाट नै श्रम संस्कृति पार्टीबाट आरेन राई विजयी भएका छन्। खोटाङ १ बाट आरेनले १६,६१२ मत ल्याउँदा उनका निकटतम् प्रतिद्वन्दी नेकपा एमालेका देवविक्रम राईले १२७१४ मत ल्याए।

आरेन युवा उम्मेदवार हुन्। कोशीबाट हर्क साम्पाङको पार्टीले उत्साहजनक नतिजा ल्याएको देखिन्छ। समानुपातिकमा पनि श्रम संस्कृतिले आफ्नो मत बढाइरहेको छ। देशभरका १६५ निर्वाचन क्षेत्रमध्ये यो पार्टीले १०९ क्षेत्रमा आफ्नो उम्मेदवार उठाएको थियो।

## लागूऔषधसहित ...

नगरपालिका-२ स्याउले चोकबाट उनीहरू पक्राउ परेका हुन्।

यसैगरी, पथरी शनिश्चरे -८ मंगलबारेबाट मानबहादुर दर्जीसहित तीन, घोराही-१४स्थित न्यूमनकामना गेष्ट हाउसबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थसहित दुई, धनगढी-३ चटकपुरबाट स्थानीय २३ वर्षीय अमन रानासहित दुई र कृष्णपुर-२ स्याउले चोकबाट लागूऔषध खैरोहेरोइन जस्तो देखिने पदार्थसहित २५ वर्षीय कुवेर शाहीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

## पाठेघरको मुखको क्यान्सरका लक्षण

- अनियमित वा महिनाबारी रोकिएपछि पनि रक्तश्राव हुनु।
- योनीबाट बढी मात्रामा सेतो पानी बग्नु।
- शारीरिक सम्बन्धको समयमा दुखाई हुनु।
- शारीरिक सम्बन्धपछि रगत बग्नु।
- तल्लो पेट, ढाड वा कम्मर दुख्नु।
- पिसाब गर्दा दुख्नु वा रगत देखिनु।
- शरीर कमजोर हुनु।

यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पार्ट टाइम जब

यस पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्न आफ्नै साइकल भएका स्थानीय इच्छुक महिला/पुरुषले तु-सम्पर्क गर्नुहोला।

**क्षेत्र** : बसपार्क/बुट्टाबारी
**तलब** : ५०००|- माथि (पाँच हजार रुपैयाँ माथि।)
**समय** : बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म।

**सम्पर्क : ९८०७९१०२२२, ९८०६०३३१५३**

## बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
**निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा**
- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

**हाम्रा सेवाहरु**

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याव हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# शान्त विद्रोहको परिणति

**पुराना र ठूला भनिएका राजनीतिक दलको दिशाहीनता र नेतृत्वको अकर्मण्यताको परिणाममा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले छोटो समयमै आफूलाई वैकल्पिक शक्तिका रुपमा स्थापित गरेको छ । पुराना दलहरुले राजनीतिक उदयका लागि हिंसा वा विरोधका माध्यमबाट रोजेका थिए । तर, रास्वपाले देशमा विद्यमान बेथिति, विसंगति र भ्रष्टाचारका बिरुद्धको मानसिकता चेतना प्रवाहका माध्यमबाट सञ्चार गर्दै सुशासन र सदाचार आफ्नो अभिष्टलाई जन–जनसम्म पुऱ्याउन सफल भयो । शिक्षा, स्वास्थ्य, कृषि लगायतका आमजनताका साझा विषयलाई प्रमुखका साथ लिएर तिनको समृद्धिले मात्र देशको सम्पूर्ण उन्नति गर्न सकिन्छ भन्ने मान्यतालाई अंगिकार गऱ्यो ।**

**स्पष्ट बहुमतको सरकार निर्माण गर्ने बाटोमा अग्रसर सम्पन्न निर्वाचनको परिणाम स्थिर सरकार र राजनीतिक स्थिरताको बाटोमा अग्रसर छ । यस्तो बेला प्रचण्ड जनमतका साथ अघि बढेको रास्वपाले दलगत स्वार्थ, संकीर्णता र विभेदको परम्परागत चरित्रलाई टाडा राख्नु पर्दछ । आफूद्वारा गरिएका प्रतिबद्धता, दिएका आश्वासन तथा देशको महाशत्रुका रुपमा रहेको भ्रष्टाचारको जरो पहिल्याएर विगतका भ्रष्टाचारका प्रकरणहरुको समेत अनुसन्धान गराइ सुशासनको बाटो अख्तियार गरेको विश्वास दिलाउन सक्नु पर्छ । नेपाली राजनीतिमा विद्यमान आफूलाई सर्वज्ञ ठान्ने मानसिकता, दम्भ र अहंकारको साटो विनम्रता, हार्दिकता, संयमीत र सदाचारलाई मूल मन्त्र बनाउनुपर्छ । सदाचारको एजेण्डालाई प्राथमिकता दिएर जनताका साझा अपेक्षाहरुलाई सम्बोधन गर्नुपर्छ ।**

**नवपुस्ताको भदौ २३ गतेको विद्रोहपछि उत्पन्न जटिल परिस्थितिमा भएको आमनिर्वाचनमा रास्वपाको पक्षमा देखिएको जनलहर र प्राप्त मत जनताको शान्त र अन्तरको चाहनाको प्रतिफल हो । त्यसको मर्मलाई आत्मसात गर्ने, ग्रहण तथा सुशासनको पक्षमा निरपेक्ष सेवा र समर्पण इतिहासले दिएको जिम्मेवारी हो । वर्षौंदेखि थाती रहेका आन्तरिक तथा बाह्य चुनौतीहरुको सामना गर्दै कुशल व्यवस्थापकीय क्षमता प्रदर्शन गर्न रास्वपाले आफ्नो मूल ध्येय बनाउनुपर्छ । रास्वपाको यो ऐतिहासिक सफलता नेपाली राजनीतिको नवीन आयाम बन्नुपर्छ, देश र जनताको समृद्धिको आधार बन्नुपर्छ । त्यसका लागि उत्तेजना होइन संयम्, दम्भ होइन विनयशीलता, आवेग होइन संवेदनशील भई झण्डै चार दशकदेखिको असफलताको यात्रालाई सफलता, सुदृढ र समृद्धितर्फ उन्मुख गराउनुपर्छ । अन्यथा यो सफलता परम्परा जस्तै वर्षौ बाठी हुनसक्छ ।**

# अन्धकारमा ज्योति बाल्न संघर्ष



नेपालमा महिलाहरूमा दृष्टिविहीनताको भार पुरुषभन्दा बढी छ। अध्ययनका अनुसार पुरुषभन्दा महिलामा १.३ प्रतिशत गुणाले अन्धोपना हुन सक्ने जोखिम छ। पुरुषभन्दा महिलामा मोतियाबिन्दु, उमेर-सम्बन्धित म्याकुलर डिजेनेरेसन (एएमडी) र आँखा सुक्खा हुने समस्या बढी देखिन्छन्। महिलामा आँखाको समस्या बढी हुने भए पनि उपचारमा महिलाको पहुँच निकै कम छ। अनुसन्धानका नतिजाले भन्छ- 'विभिन्न आर्थिक तथा सामाजिक कारणले पुरुषका तुलनामा महिलामा अन्धोपनको समस्या बढी छ। नेपालमा ४० हजारभन्दा बढी दृष्टिविहीन रहेकामा झन्डै ६० प्रतिशत महिला रहेका छन्।' दृष्टि क्षमता कम भएका मानिस मध्ये आधाभन्दा बढी महिला नै छन्। आँखा स्वास्थ्यमा महिलाको पहुँच नहुनुमा गरिबी, जनचेतनाको कमी, यातायातको असुविधा, निर्णय लिन नसक्नु, पारिवारिक जिम्मेवारी बढी, आर्थिक परनिर्भरता हुनु आदि रहेको बताइन्छ।

**अब्बल महिला नेतृत्वः आँखा स्वास्थ्य सेवामा प्रेरक योगदान**

स्वास्थ्य क्षेत्र विशेषगरी आँखा स्वास्थ्य सेवाको विस्तार र अन्धोपन न्यूनीकरणमा महिलाले नेतृत्व तहमा पुगेर उल्लेखनीय भूमिका निर्वाह गरिरहेका छन्। नेपाल नेत्रज्योति सङ्घ अन्तर्गत सञ्चालित विभिन्न आँखा अस्पतालमा कार्यरत महिला 'चिफ मेडिकल डाइरेक्टर', 'मेडिकल डाइरेक्टर' तथा अस्पताल व्यवस्थापन समितिका महिला अध्यक्षले संस्थागत विकास, गुणस्तरीय सेवा प्रवाह, जनशक्ति उत्पादन र समुदायमा पहुँच विस्तारमा प्रेरणादायी भूमिका निर्वाह गरिरहेका छन्।

**प्रा.डा. सविना श्रेष्ठ**
**(अस्पताल व्यवस्थापन समिति अध्यक्ष, कीर्तिपुर आँखा अस्पताल)**

प्रा.डा. सविना श्रेष्ठ वरिष्ठ नेत्ररोग विशेषज्ञ तथा बाल नेत्ररोग क्षेत्रमा विशिष्ट दक्षता हासिल गरेकी चिकित्सक हुनुहुन्छ। नेपाल नेत्रज्योति सङ्घ, कीर्तिपुर आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्षका रूपमा उहाँले नेतृत्वदायी भूमिका निर्वाह गर्दै अस्पताल व्यवस्थापन, संस्थागत सुदृढीकरण, सेवा विस्तार र गुणस्तर अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहनुभएको छ। बङ्गलादेशबाट 'एमबिबीएस'को अध्ययन गर्नुभएका प्रा.डा. श्रेष्ठले राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानबाट नेत्ररोग विषयमा 'एमडी' तह पूरा गर्नुभएको हो। साथै बाल नेत्ररोग सम्बन्धी 'फेलोसिप' भारतको 'भेन्यु आइ इन्स्च्युिट एण्ड रिसर्च सेन्टर'बाट हासिल गर्नुभएको छ। उहाँको नेतृत्वमा कीर्तिपुर आँखा अस्पतालले गुणस्तरीय तथा पहुँचयोग्य आँखा सेवा प्रवाहलाई प्राथमिकता दिँदै समुदायमुखी कार्यक्रम विस्तार गरेको छ।

आँखा सेवा कार्यक्रम, आँखा शिविर, जनचेतना अभियान तथा सामुदायिक पहुँच विस्तारमा उहाँको सक्रिय सहभागिताले ग्रामीण तथा दुर्गम क्षेत्रमा आँखाको उपचार सेवा पुग्न सहयोग पुर्‍याएको छ। उहाँ भन्नुहुन्छ- 'बाल नेत्ररोग तथा दृष्टि दोष सम्बन्धी समयमै पहिचान र उपचारको पहुँचमा ल्याउनुपर्छ। यसका लागि समुदाय तथा विद्यालयमा आँखा जाँचलाई थप विस्तार गरिनुपर्छ।' सन् २०२५ मा नेपाल नेपाल अप्थाल्मिक सोसाइटीद्वारा प्रदान गरिएको 'लाइफटाइम एचिभमेन्ट अवार्ड'सहित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान उहाँले प्राप्त गर्नुभएको छ। चिकित्सा सेवासँगै साहित्य, चित्रकला र सङ्गीतमा सक्रिय रहँदै आउनुभएकी उहाँ भन्नुहुन्छ- 'महिला शक्ति परिवर्तनको आधार हो। घर, कार्यस्थल र समाजमा हाम्रो समर्पण र नेतृत्वले नै उज्यालो भविष्य निर्माण गर्दछ। महिलाले अधिकारका लागि लड्नुभन्दा आफ्नो कार्यदक्षताबाट नै आफूलाई अगाडि बढाउनु पर्दछ, आउनुहोस् आत्मविश्वास र सहकार्यका साथ अघि बढौँ, दिएरै प्राप्त गर्ने सफलताको यात्रामा।' समर्पण, नेतृत्व क्षमता र सामाजिक उत्तरदायित्वप्रतिको प्रतिबद्धताले प्रा.डा. श्रेष्ठलाई नेपालमा अन्धोपन न्यूनीकरण अभियान र महिला नेतृत्वको सशक्त उदाहरणका रूपमा स्थापित गरेको छ।

**डा. सुलक्ष्मी कटुवाल**
**(चिफ मेडिकल डाइरेक्टर, आँखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगञ्ज)**

डा. सुलक्ष्मी कटुवाल आँखा स्वास्थ्य सेवा क्षेत्रमा अब्बल नेत्ररोग विशेषज्ञका रूपमा स्थापित हुनुहुन्छ। उहाँका अनुसार हालसम्म उहाँले करिब एक लाखभन्दा बढी शल्यक्रिया गरिसक्नुभएको छ। जसमा करिब ९१ हजार 'एसआइसीएस', पाँच हजार 'फेको', एक हजार 'अकुलोप्लास्टी' तथा तीन हजार अन्य समावेश छन्। साथै उहाँले करिब १० लाखभन्दा बढी आँखा बिरामीलाई बहिरङ्ग (ओपीडी) सेवा प्रदान गरिसक्नुभएको छ।

दुर्गम तथा पहुँच बाहिरका समुदायमा अन्धोपन न्यूनीकरणका लागि विभिन्न शल्य शिविरहरूमा 'टिमलिडर'का रूपमा सक्रिय सहभागिता जनाउँदै आउनुभएकी उहाँले अस्पतालको विकास र व्यवस्थापनका विभिन्न चरणहरूमा अग्रणी भूमिका निर्वाह गर्दै आउनुभएको छ। उहाँ भन्नुहुन्छ- '२१औं शताब्दी महिला सशक्तीकरणको युग हो। आज महिलाले गर्न नसक्ने कुनै क्षेत्र छैन। परिवार र समाजको विकासका लागि महिला सशक्तीकरण अपरिहार्य छ। समाजमा परिवारको साथ र समझदारीले मात्र महिला सशक्तीकरणलाई सुदृढ बनाउन सक्छ। महिला शक्तिलाई कहिल्यै पनि कम आँक्न सकिँदैन।'

सन् १९९९ मा रुसको ट्भेर स्टेट मेडिकल युनिभर्सिटीबाट 'एमबिबीएस' अध्ययनपश्चात उहाँले सन् २००७ मा राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानबाट नेत्ररोग विषयमा एमडी उपाधि हासिल गर्नुभएको थियो। सन् २०११ मा भारतको कोयम्बटोरमा फेको-इमल्सिफिकेसन तालिम तथा सन् २०१४ मा तिलगङ्गा आँखा प्रतिष्ठानबाट अकुलोप्लास्टी फेलोसिप पूरा गर्नुभएको छ। सन् २००७ मा राप्ती आँखा अस्पतालमा नेत्ररोग विशेषज्ञका रूपमा सेवा शुरुवात गर्नुभएकी डा. कटुवालले 'डेपुटी मेडिकल डाइरेक्टर', 'मेडिकल डाइरेक्टर' हुँदै सन् २०१५ देखि 'चिफ मेडिकल डाइरेक्टर'को जिम्मेवारी सम्हालिरहनुभएको छ।

**प्रा.डा. सुशीला पटेल चौधरी**
**(चिफ मेडिकल डाइरेक्टर, लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान)**

नेपाल नेत्रज्योति सङ्घ लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थानकी चिफ मेडिकल डाइरेक्टर प्रा.डा. सुशीला पटेल चौधरी वरिष्ठ नेत्ररोग विशेषज्ञ तथा कोर्निया रोग उपचारमा चिकित्सक हुनुहुन्छ। उहाँले हालसम्म ४० हजारभन्दा बढी आँखाका बिरामीको शल्यक्रिया गरिसक्नुभएको छ भने करिब दुई लाख बिरामीलाई उपचार सेवा प्रदान गरिसक्नुभएको छ। अनुसन्धान क्षेत्रमा सक्रिय रहँदै उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा १८ वैज्ञानिक लेख प्रकाशितसमेत गरिसक्नुभएको छ। सन् २०२४ मा बङ्गलादेशमा भएको विद्रोह क्रममा आँखामा चोटपटक लागेका बिरामीको उपचार समेत उहाँले उल्लेखनीय भूमिका निर्वाह गर्नुभयो। उहाँ भन्नुहुन्छ- 'चुनौतीपूर्ण र संवेदनशील परिस्थितिमा समेत मैले उच्च व्यावसायिक दक्षता, संयमता र मानवीय समर्पणका साथ बङ्गलादेशमै गई आँखा उपचार सेवा प्रदान गरेँ।'

अस्पताल व्यवस्थापन, गुणस्तरीय शल्यक्रिया सेवा, जनशक्ति उत्पादन तथा ग्रामीण क्षेत्रमा शल्यक्रिया शिविर सञ्चालन मार्फत समुदायमा पुऱ्याएको योगदानले उहाँलाई एक सक्षम महिला नेतृत्वका रूपमा स्थापित गरिसकेको छ। 'महिलाहरूले कार्यस्थल, घरपरिवार तथा समुदाय-सबै क्षेत्रमा पूर्ण समर्पण र अथक परिश्रमका साथ आफ्नो भूमिका निर्वाह गर्दै आएका छन्' -प्रा.डा. चौधरी भन्नुहुन्छ- 'विभिन्न चुनौती र कठिनाइको सामना गर्दै निरन्तर मेहेनत र दृढताका साथ अघि बढ्दा महिलाहरूले आज कार्यस्थलमा मात्र होइन, घर र समाजमा पनि सम्मानित र प्रतिष्ठित स्थान हासिल गर्न सफल भएका छन्। महिलाको शक्ति उनको सहनशीलता, प्रतिबद्धता र निरन्तर प्रयासमा निहित छ।'

डा. चौधरीले एमबिबीएस भारतको किङ जर्ज मेडिकल कलेज, लखनउबाट र एमडी (नेत्ररोग) वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट सम्पन्न गर्नुभएको हो। कोर्निया तथा बाह्य रोग सम्बन्धी विशिष्ट फेलोसिप तालिम अरबिन्द आइकेयर सिस्टम र Casey आइ इन्स्च्युटबाट हासिल गर्नुभएको हो। हाल लुम्बिन नेत्रविज्ञान अध्ययन संस्थानमा 'चिफ मेडिकल डाइरेक्टर'का रुपमा कार्यरत उहाँले पाँच वर्षभन्दा बढी संस्थानको शैक्षिक कार्यक्रम निर्देशकका रूपमा नेपालको आँखा उपचार जनशक्तिको उत्पादनमा महत्त्वपूर्ण योगदान समेत पुऱ्याउनुभएको छ।

**डा. बबिता गुरुङ**
**(मेडिकल डाइरेक्टर, हिमालय आँखा अस्पताल)**

नेपाल नेत्रज्योति सङ्घ, हिमालय आँखा अस्पताल पोखराकी 'मेडिकल डाइरेक्टर' डा. बबिता गुरुङ अनुभवी नेत्ररोग विशेषज्ञ हुनुहुन्छ। उहाँले हालसम्म करिब १७ हजारभन्दा बढी आँखाका बिरामीको शल्यक्रिया गरिसक्नुभएको छ भने करिब एक लाख ५३ हजारभन्दा बढी बिरामीलाई आँखा उपचार सेवा प्रदान गर्नुभएको छ। विभिन्न स्वास्थ्यकर्मी तथा चिकित्सकहरूलाई तालिम तथा मार्गदर्शन प्रदान गर्नुका साथै विभिन्न आँखाका शल्यक्रिया शिविरमार्फत समेत सेवा प्रवाह गर्दै आउनुभएको छ। अस्पताल व्यवस्थापन, गुणस्तरीय आँखा उपचार सेवा, जनशक्ति उत्पादन तथा ग्रामीण क्षेत्रमा शल्यक्रिया शिविर सञ्चालन मार्फत समुदायमा पुऱ्याएको योगदानले नेत्र विशेषज्ञ डा. गुरुङलाई एक अब्बल महिला नेतृत्वका रूपमा स्थापित गरिसकेको छ।

अनुसन्धान क्षेत्रमा सक्रिय रहँदै उहाँले राष्ट्रिय तथा अन्तरराष्ट्रिय जर्नलहरूमा विभिन्न अनुसन्धानात्मक लेखहरू प्रकाशन समेत गरिसक्नुभएको छ। उहाँ भन्नुहुन्छ- 'महिलाहरूमा समय, स्रोत, मार्गदर्शन र लगानी गर्नु घाटा होइन, समग्र समाजका लागि लाभ हो। समान अधिकार सुनिश्...
अन्य, शिक्षा र आर्थिक अवसरमा सम...
आजको आवश्यकता हो। न्यायपूर्ण स...
सबैका लागि प्रगति र समृद्धि सम्भव छ...

नेत्र विशेषज्ञ डा. गुरुङले सन् २०...
युएसटिसीबाट 'एमबिबीएस' उपाधि हा...
सन् २००९ मा त्रिभुवन विश्वविद्यालय, ...
नेत्र अध्ययन केन्द्र काठमाडौंबाट 'एमड...
सम्पन्न गर्नुभएको थियो। सन् २०१५ ...
तिलगङ्गा आँखा प्रतिष्ठान काठमा...
केराटोप्लास्टी सम्बन्धी फेलोसिप तालिम...
छ। त्यस्तै उहाँ सन् २०२२ देखि पोख...
सहप्राध्यापकका रुपमा कार्यरत हुनुहुन्...
हिमालय आँखा अस्पताल, पोखरामा का...
छ। आकस्मिक सेवा तथा शल्यक्रिय...
विभाग प्रमुख, डेपुटी मेडिकल डाइरेक्टर...
२०२५ देखि 'मेडिकल डाइरेक्टर'को जि...
हो।

**डा. पुष्पा गिरी**
**(चिफ मेडिकल डाइरेक्टर भरतपु...**

नेपाल नेत्रज्योति सङ्घ भरतपुर आँख...
मेडिकल डाइरेक्टर' 'एसोसिएट प्रोफेसर'...
विशेषज्ञ हुनुहुन्छ। उहाँले हालसम्म २०...
पुनःस्थापना गर्ने शल्यक्रिया सम्पन्न ग...
लाखभन्दा बढी बिरामीलाई बहिरङ्ग (...
गरिसक्नुभएको छ। एक सयभन्दा ब...
सञ्चालन तथा सहभागिता मार्फत पाँच ह...
बासिन्दालाई दृष्टि प्रदान गर्नुका साथै हज...
सेवा उपलब्ध गराइसक्नुभएको छ। ...
साथै उहाँ अनुसन्धान क्षेत्रमा समेत स...
अन्तर्राष्ट्रिय जर्नलहरूमा मधुमेहजन्य 'रेटिन...
'रिफ्र्याक्टिभ सर्जरी', 'क्याटर्याक्ट सर्जरी' ...
विभिन्न शोधपत्रहरू समेत प्रकाशन गरि...

उहाँका नेतृत्वमा अस्पतालले क्लिनि...
पहुँच कार्यक्रम विस्तार तथा दुर्गम क्षे...
उल्लेखनीय प्रगति हासिल गरेको छ। सा...
समेत आँखा स्वास्थ्य क्षमता अभिवृद्धिमा ...
छ। उहाँ भन्नुहुन्छ- 'स्वास्थ्य क्षेत्रमा ...
सेवा प्रदत्तमात्र होइनन्, परिवर्तनका सं...
महिलालाई सशक्त बनाउँछौं, राष्ट्र नै स...
सेवा सबैका लागि पहुँचयोग्य बनाउन सङ्...
धैर्यता र करुणाको सम्मान गर्दछु।' सन्...
सो अस्पतालको 'चिफ मेडिकल डा...
सम्हाल्दै आउनुभएका डा. गिरीले सन् ...
मेडिकल साइन्सेस, चितवन (काठमाडौं...
एमबिबीएस तथा सन् २०१३ मा सोही...
नेत्ररोग) उपाधि हासिल गर्नुभएको हो।

सन् २०१५ मा नेपाल नेत्रज्योति सङ्...
भरतपुर आँखा अस्पतालमा आबद्...
क्लिनिकल सेवा, शिक्षण तथा सामुदा...
क्षेत्रमा योगदान पुऱ्याउनुभएको छ। ...
चिकित्सा विज्ञान प्रतिष्ठान (न्याम्स...
प्राध्यापक तथा सन् २०२५ मा एसोसिएट...
भई रेजिडेन्ट, फेलो तथा मिड-लेभल ने...
तालिममा भूमिका निर्वाह गरिरहनुभएको...
आवश्यकता महशुस गर्दै उहाँले विश्वप्...
(अरविन्द आइकेयर सिस्टम)बाट कोर्नि...
सम्बन्धी फेलोसिप तालिम लिनुभएको ...
आँखा प्रतिष्ठानसँग सहकार्य गरी कोर्नियत...
गर्नुभएको छ भने भरतपुर आँखा अस्पताल...
बैंक स्थापना गरी अहिले यसको नेतृत्व ग...

**डा. रिमा शाह**
**(मेडिकल सुपरिन्टेन्डेन्ट, बर्दिया ...**

डा. रिमा शाह युवा नेत्ररोग विशेषज्ञ...
जुलाई २१ देखि नेपाल नेत्रज्योतिस...
अस्पताल, सानोश्री तारातालमा मेडिकल...
कार्यरत हुनुहुन्छ। उहाँले हालसम्म त...
शल्यक्रिया, १८० 'प्टेरिजियम' शल्यि...
शल्यक्रिया गरिसक्नुभएको छ भने १२...
बढी बिरामीलाई ओपिडी सेवा प्रदान ग...
समर्पण र गुणस्तरीय सेवाप्रतिको प्रतिब...
ग्रामीण क्षेत्रमा आँखा स्वास्थ्य सेवा ...

# कतार हिँडेका हल्दीबारीका नवीन होटलमा मृत भेटिए

**झापा, फागुन २४।** हल्दीबारी गाउँपालिका-४ मङ्गलबारेका ४१ वर्षीय नवीन मुर्मू काठमाडौंमा मृत अवस्थामा भेटिएका छन्।




वैदेशिक रोजगारीका लागि कतार जान लागेका उनी नयाँ बसपार्क क्षेत्रमा रहेको लुम्बिनी गेस्ट हाउसको कोठामा मृत अवस्थामा भेटिएका हुन्।

पारिवारिक स्रोतका अनुसार उनी विगत करिब १० वर्षदेखि रोजगारीका सिलसिलामा कतारमा बस्दै आएका थिए। पुनः कतार फर्कने तयारीका साथ काठमाडौं पुगेका थिए।

नयाँ बसपार्क नजिकैको लुम्बिनी गेस्ट हाउसमा बसेका मुर्मू आफूलाई सन्चो नभएको भन्दै कोठामै खाना मगाएर सुतेका थिए। तर उनी अबेरसम्म नउठेपछि कोठामा पुगेका होटेलका कर्मचारीले उनलाई ओछ्यानमै मृत अवस्थामा फेला पारेका थिए।

घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। उनको मृत्युको कारणका विषयमा अनुसन्धानलाई तीव्र बनाइएको प्रहरीले जनाएको छ।



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धि रहेको छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योगले मन प्रफुल्ल रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** स्वास्थ्य प्रतिकुल बन्नेछ, मन शान्त रहने छ, छोटो दूरीको रमाइलो यात्रा हुने सम्भावना रहेको छ, खानपानमा ध्यान दिनुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला, स्वास्थ्य त्यति राम्रो हुने छैन।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** सन्तान पक्षबाट शुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** समय फलदायी छ, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहने छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट छुटकारा पाइने योग रहेको छ, यो अवधिभर कसैसँग विवाद नगर्नुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, फाइदाजनक छोटो दुरीको यात्रा हुनेछ, मनमा उत्साह उमँग बढ्ने छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** घरबाट कहिँ रमाइलो यात्राको तय हुनेछ, साथीभाइहरूले साथ दिनेछन् मनोरञ्जनमा ध्यान जानेछ, मन प्रशन्न रहला।

**मिति २०८२/११/२४ शुक्रबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु. ३,१६,९००।-

चाँदी प्रति तोला रु. ५४७५।-

